म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ | अङ्कः- २७८ | २०८० भदौ १७ गते आइतबार 3 September 2023, Sunday - | पृष्ठ ४ | मूल्य रू. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७

QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

## जनतासँग माओवादी अभियान सुरु

# वडा–वडामा विविध क्रियाकलाप



*जनतासँग माओवादी विशेष रुपान्तरण अभियानअन्तर्गत शनिबार मकवानपुरको बागमती गाउँपालिका-६ मा जनहित विद्यालयबाट अध्ययन सुरुवात गरी उच्च शिक्षा हासिल गर्दै सफलता प्राप्त गर्ने व्यक्तिहरु, विद्यालयका उत्कृष्ट विद्यार्थी, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु र सामाजिक व्यक्तित्वलाई सम्मान गरिएपछि सामूहिक तस्वीर खिचाउँदै ।*

समाज संवाददाता

हेटौँडाः नेकपा (माओवादी केन्द्र) को तीन महिने जनतासँग माओवादी विशेष रुपान्तरण अभियान मकवानपुरमा सुरु भएको छ । वडा तहमा प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम सुरु भएको छ । शनिबार हेटौँडा-१ मा नेकपा (माओवादी केन्द्र) का केन्द्रीय सदस्य डिपी ढकालको प्रमुख आतिथ्य तथा वडा अध्यक्ष स्वस्तिक राजथलाको अध्यक्षतामा प्रशिक्षण तथा अन्तरक्रिया भएको छ ।

हेटौँडा-२ मा शहिद परिवारलाई सम्मान र ओम बृद्धाश्रमलाई नगद पाँच हजार सहयोग गरिएको छ । शहिद चिन्तामणि तिमल्सिनाको माता बालकुमारी र पिता ठाकुर प्रसाद तिमल्सिनालाई पार्टीका केन्द्रीय सदस्य तथा हेटौँडा उपमहानगरपालिका अभियान संयोजक रत्न ढकालले सम्मान गर्नुभयो । हेटौंडा-३ मा सहिद परिवारलाई भेटघाट गरी जनगुनासो सुनेका छन् । कार्यक्रम नेकपा (माओवादी केन्द्र) मकवानपुरका जिल्ला सदस्य प्रकाश थोकरको प्रमुख आतिथ्य तथा वडा अध्यक्ष भिमलाल सिन्तानको अध्यक्षतामा भएको थियो । कार्यक्रममा पार्टीका हेटौंडा नगर सदस्य हेमन्त रुम्बा, सहिद परिवारका सदस्यहरुले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

हेटौंडा-४ मा अनाथ बालकहरु आश्रित आमसाई विद्यालयलाई चामल, दाल, सोयाबिन, आलु, नुन र तेल लगायतका खाद्यान्न सहयोग गरेको छ । कार्यक्रम नेकपा (माओवादी केन्द्र) मकवानपुरका जिल्ला सदस्यहरु रिनेश कुमार श्रेष्ठ, बेली कुमारी दोङ र जंगबहादुर विश्वकर्माको आतिथ्य रहेको थियो । हेटौंडा-५ को ढुङ्गेधारा पर्यटकीय क्षेत्रमा बर, पिपल, छतिवन लगायत विभिन्न जातका विरुवाहरु वृक्षरोपण गरिएको छ । कार्यक्रम नेकपा (माओवादी केन्द्र)की केन्द्रीय सदस्य एवम् मकवानपुर ईन्चार्ज कुमारी मोक्तानको प्रमुख आतिथ्य तथा वडा अध्यक्ष देवनारायण लामिछाने 'भिमसेन'को अध्यक्षतामा भएको थियो ।

हेटौंडा-६ मा वडा कार्यालय उद्घाटन तथा सहिद परिवारको जेष्ठ नागरिकलाई सम्मान गरिएको छ । कार्यक्रम नेकपा (माओवादी केन्द्र)का विशेष प्रदेश सदस्य जनक शर्मा 'प्रकाण्ड'को प्रमुख आतिथ्य तथा पार्टीकी वडा अध्यक्ष शोभा घिमिरेको अध्यक्षतामा भएको थियो । हेटौंडा-७ स्थित न्युरेनी सामुदायिक वनमा रहेको कालिदेवी मन्दिर वरपर सरसफाई र फलफूलको विरुवा रोपिएको छ । पार्टी केन्द्रीय सदस्य तथा बागमती प्रदेश सचेतक रत्न ढकालको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । नेकपा (माओवादी केन्द्र) का वडा

*बाँकी पृष्ठ ३ मा*

Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"

100% SCHOLARSHIP (on tuition fee) For A Achiever

25% SCHOLARSHIP (on tuition fee) For 'A' Achiever

BBS Bachelor of Business Studies

ADMISSION ONGOING

Class starts from ASOJ 15

01 17 extra curricular modules to enhance learning experiences
02 On-campus job placement fair and dedicated placement cell
03 Student-led clubs for leadership development
04 HSMSS feast and Annual Athletic Meet
05 Academic business incubation center supporting student entrepreneurs
06 Experiential learning platform

Reminder: Submit the application form for CMAT and BCA Entrance Exam by Bhadra 31, 2080

Hetauda-4 | 057524701, 9855074222 | www.hsm.edu.np

ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL (2023)

हार्दिक बधाई एवम् शुभकामना

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का नेता मकवानपुर क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित माननीय **दीपक बहादुर सिंह** प्रतिनिधिसभाको पूर्वाधार विकास समितिको सभापतिमा सर्वसम्मत निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं । सिंहको सभापति पद उहाँको व्यक्तिगत, पार्टी र मकवानपुरे मतदाताका लागि उपलब्धीको विषय हो । जनअपेक्षाअनुसार समग्र मुलुकको पूर्वाधार विकासको अवधारणा विकासमा उहाँको महत्वपूर्ण नेतृत्व रहने अपेक्षासहित कार्यकालको सफलताको शुभकामना व्यक्त गर्दछौं ।



शिवराम थापा, अध्यक्ष

एवम् राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मकवानपुर परिवार

हेटौँडा, मकवानपुर

# सम्पादकीय

## बजार अनुगमन आवश्यक

भदौ महिना लागेसँगै नेपालीका मुख्य चाडपर्वहरु सुरु भएका छन् । नागपञ्चमी तथा जनैपूर्णिमा र रक्षाबन्धन सकिइसकेको छ । अब केही दिनमै कृष्ण जन्माष्टमी र बाबुको मुख हेर्ने औंसी (कुशे औंसी) आउँदैछ । त्यसपछि लगत्तै नेपाली महिलाहरुले मनाउने तीज पर्वको रमझम सुरु हुन्छ । तीजपछि नेपालीहरुको सबैभन्दा महत्वपूर्ण चाड दशैंको चहलपहल सुरु हुन्छ । १५ दिनसम्म मनाइने दशैं सकिएको २ सातापछि तिहारको रमझम सुरु हुन्छ । तिहारपछि छठ पर्वको रौनक नेपालमा देखिन्छ । हरिबोधिनी एकादशी, उँधौली, क्रिसमस, ल्होसारलगायत चाडपर्व क्रमशः आउने गर्दछ । बहुजाति, बहुभाषी, बहुधार्मिक र बहुसंस्कृति भएको हाम्रो देशमा धेरै चाडपर्व मनाउने गरिन्छ । वर्षैभरि विभिन्न जाति र जनजातिको चाडपर्व पर्ने भए पनि भदौदेखि कात्तिकसम्मको ३ महिनामा नेपालीहरुको मुख्य चाडपर्वका साथै बाक्लै चाडपर्व मनाइन्छ । चाडपर्वले हाम्रो मौलिक पहिचान कायम गर्नुका साथै पारिवारिक र सामाजिक सद्भाव वृद्धिका लागि सहयोग गरिरहेको हुन्छ ।

चाडपर्वको बेलामा बजारमा चहलपहल पनि बढ्छ । अन्य समयमा भन्दा चाडपर्वको बेलामा बजारमा विभिन्न वस्तु किनमेलका लागि उपभोक्ताको उपस्थिति बाक्लो हुने गर्दछ । बजारमा उपभोक्ताको चहलपहल बढ्दा विभिन्न वस्तुको माग पनि बढ्ने गर्दछ । बजारमा वस्तुको माग बढ्ने क्रममा मूल्य पनि बढ्ने गरेको छ । बजारमा मागको तुलनामा आपूर्तिमा सन्तुलन ल्याउन नसक्दा वस्तुको मूल्य वृद्धि हुने सम्भावना अधिक रहन्छ । माग बढेको समयमा आफूसँग भएको वस्तुको मूल्यवृद्धि गर्न व्यवसायी पनि अग्रसर हुने गरेका छन् । यसकारण अन्य समयमा भन्दा चाडपर्वको समयमा बजारमा मूल्यवृद्धि, कृत्रिम अभाव, कालाबजारी, मिसावट तथा गुणस्तरहीन वस्तुको कारोबार हुने सम्भावना बढी रहन्छ । कतिपय व्यवसायीले नबिकेका, न्यून गुणस्तरका र मिसावट भएका वस्तु बिक्री गर्न यस्तै मौका कुरिरहेका हुन्छन् ।

चाडपर्वको समयमा बजारमा देखिने अव्यवस्थाले उपभोक्ताहरु मारमा पर्ने गरेका छन् । बजारमा देखिने अव्यवस्था र विभिन्न प्रकारका अनियमितता कम गर्न बजार अनुगमन र कारबाही एउटा महत्वपूर्ण उपाय हुनसक्छ । उपभोक्तालाई बजारमा असहजता हुन नदिन र बजारमा हुने अनियमितता रोक्न थुप्रै नियमनकारी निकायको व्यवस्था राज्यले गरेको छ । यस्ता नियमनकारी निकायले बजारलाई सुव्यवस्थित बनाउन समय-समयमा बजार अनुगमन गर्नु आवश्यक छ । अझ चाडपर्वको समयमा बजारमा बढी नै उपभोक्ताको चहलपहल र खरिद-बिक्री हुने भएकाले अनुगमनलाई व्यापक बनाउनु आवश्यक छ । नियमित बजार अनुगमनसँगै दोषीलाई कारबाही गरिँदा बजारमा हुने गरेका तमाम विकृति र कालोबजारीको अन्त्य गर्न सकिन्छ । विगतका वर्षहरुमा पनि चाडपर्वको समयमा बजार अनुगमनको क्रम बढ्ने गरेको थियो । चाडपर्वको समयमा केही दिन गरिने बजार अनुगमन चाडपर्व सकिएसँगै सुस्त बनिदिँदा बजारलाई नियमन गर्न सकिएको छैन ।

बजारमा सबैजसो वस्तु तथा सेवाको मूल्य वृद्धि भइरहेको छ । अहिले पनि बजारमा तरकारी, खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुको बजार मूल्य आकाशिएको छ । अझ चाडपर्व नजिकिँदै जाँदा चाडपर्व विशेषमा बढी माग हुने वस्तुको बजार मूल्य अस्वभाविक वृद्धि हुने सम्भावना उत्तिकै छ । अनुमगानका क्रममा व्यवसायीलाई दिइएका निर्देशनहरु केही दिनपछि पालना नहुने परिपाटी बजारमा विद्यमान छ । आक्कलझुक्कल हुने मौसमी अनुगमनले बजारमा कुनै सुधार हुन सकेको छैन । चाडपर्वलाई कतिपय व्यवसायीले मौकामा चौका हान्ने अवसरको रुपमा प्रयोग गर्ने भएकाले आम उपभोक्तासँगै नियमनकारी निकाय बढी चनाखो बन्नुपर्ने देखिन्छ । चाडपर्वको बेलामा केही व्यवसायीले गर्ने कालोबजारी र अनियमितताले अन्य व्यवसायीलाई समेत असर पुग्ने भएकाले यस्ता व्यवसायीलाई कारबाहीको दायरामा ल्याउन अन्य व्यवसायी र तिनका संघसंस्था पनि जिम्मेवार हुनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार १११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : परिश्रमले महत्वपूर्ण योजना तयार होला ।
**वृष** : आर्थिक अवस्थामा कमजोरी देखापर्ला ।
**मिथुन** : व्यापार–व्यवसायबाट धनागम हुने समय छ ।
**कर्कट** : दीर्घकालिन कार्यको शुरुवात हुने समय योग छ ।
**सिंह** : पदोन्नति र मानसम्मान प्राप्त हुने समय योग छ ।
**कन्या** : स्वास्थ्य सम्बन्धि समस्या योगबाट बच्नुपर्ला ।
**तुला** : दाम्पत्यजीवन र पारिवारीक पक्षबाट लाभ प्राप्त ।
**वृश्चिक** : व्यापार–व्यवसायबाट लाभ नहुने योग छ ।
**धनु** : दीर्घकालिन योजना सम्पन्नमा समय व्यतित ।
**मकर** : वादविवाद र अनावश्यक दौडधूप बढ्ने छ ।
**कुम्भ** : बोली र स्वास्थ्य समस्याले सताउने छ ।
**मीन** : धन व्यय हुने समय योग रहेको छ ।

# मुलुकमा वित्तीय अपराध, भ्रष्टाचार र ठगीको डढेलो कसले सल्कायो ?



✍ नन्दलाल खरेल




वित्तीय अपराध पछिल्लो समयमा भयावह रुपमा बढेको पाइन्छ । सर्वप्रथम वित्तीय अपराध के हो ? यो बुझ्न जरुरी छ । वित्तीय अपराध भन्नाले सम्पत्तिसँग सम्बन्धित अपराध हो । जसमा कुनै एक व्यक्तिको स्वार्थका लागि अनधिकृत रूपमा सम्पत्तिको स्वामित्व परिवर्तन गर्ने प्रक्रियालाई जनाउँछ । बैंकिङ ठगी, भुक्तानी ठगी, कर छलीजस्ता अपराध वित्तीय अपराध हुन् ।

कोभिडका कारण शिथिल उद्योग व्यवसाय तङ्ग्रिन नपाउँदै बैंक तथा वित्तीय संस्थाको ब्याज पनि महँगिएपछि व्यवसायीहरु ऋणको पासोमा पर्न थालेका छन् । चालु आर्थिक वर्षको सुरुवाती महिना साउनमै करिब पाँच हजार जना बैंक तथा वित्तीय संस्थाको कालो सूचीमा परेका छन् । कर्जा सूचना केन्द्रका अनुसार साउनमा ४ हजार ९०१ जना कालोसूचीमा परेका छन् । यही गतिमा कालोसूचीमा पर्दै जाने हो भने वर्षको अन्त्यसम्म झन्डै ६० हजार पुग्ने अनुमान गर्न सकिन्छ ।

चार वर्ष (०७२/०७३ देखि ०७५/७६ सम्म) मा तीन हजार नौ सय १० जना मात्रै कालोसूचीमा परेका थिए । त्यसयता निरन्तर बढ्दै गएको दर गत वर्षदेखि तीव्र देखिएको छ । ०७६/७७ मा तीन हजार दुई सयजना कालोसूचीमा परेकामा ०७७/७८ मा चार हजार ६ सय ४१ पुगे । ०७८/७९ मा यो संख्या तेब्बरभन्दा धेरैले बढेर १३ हजार दुई सय १६ पुग्यो । आव २०७९/८० मा कालोसूचीमा ३४ हजारको हाराहारीमा थपिएका छन् । अर्थतन्त्रमा आएको सुस्तताका कारण समयमा कर्जा तिर्न नसक्दा कालोसूचीमा पर्नेको संख्या बढेको हो ।

समयमै कर्जा भुक्तानी नगर्ने ऋणीलाई बैंक तथा वित्तीय संस्थाको सिफारिसमा कालोसूचीमा राखिन्छ । कालोसूचीमा राख्नका लागि सम्बन्धित बैंक तथा वित्तीय संस्थाले सिफारिस गर्नुपर्छ ।

सरकारले अर्थतन्त्र सुदृढ भएको जतिसुकै डम्फु बजाए पनि आर्थिक मन्दीले चौतर्फी संकट सिर्जना गरिरहेको छ । व्यापार-व्यवसाय झन्झन् जटिल अवस्थामा छन् । कोभिडका कारण शिथिल बनेको उद्योग व्यवसाय तंग्रिन नपाउँदै बैंक तथा वित्तीय संस्थामा आर्थिक अभाव पैदा भएको छ । सूचना केन्द्रको गत आर्थिक वर्षको साढे ६ महिनाको तथ्यांक हेर्ने हो भने उद्योगी तथा व्यवसायी ऋण तिर्न नसकेर कालोसूचीमा पर्ने व्यवसायीको संख्या तीन गुणाले बढेको छ ।

सहकारी क्षेत्रका केही सञ्चालक र व्यवस्थापकले निक्षेपकर्ताको निक्षेप फिर्ता दिन नसक्दा र बेखबर भई विकृति मौलाउँदै गएको छ । गरिबका लागि भनिएको लघुवित्तको प्रभावकारितामा ह्रास आउन थालेकाले ऋण प्रदान र असुली समेत ठूलो चुनौतीका रूपमा देखिएका छन् । अर्कातिर मिटरब्याजीको दुष्चक्रमा परेका विपन्न वर्गमा ऋण तिरेर नसकिने र उल्टै जायजेथा समेत गुमाउनुपरेका घटना दिनहुँजसो समाचारमा आउने गरेका छन् । वित्तीय क्षेत्रको सञ्जाल दूर दराजसम्म पुग्दा साहुसँग ऋण तिर्नुपर्ने र उसको मिटरब्याजी सर्त मान्नुपर्ने अवस्थाले विपन्नहरू हैरान मात्र होइन, ऋण तिर्न नसकेर आत्महत्या गर्न थालेका छन् ।

नेपाली अर्थराजनीतिमा 'अकुत' शब्द हिजोआज बढी प्रयोग भएको पाइएको छ । पछिल्लो समयमा नेपाली जनमानसमा यो शब्द (अकुत) सर्वव्यापी हुँदै गएको छ । भ्रष्टाचारको बढ्दो ग्राफमा 'अकुत'को अंश डरलाग्दो छ । 'अकुत' आर्जनमा हजारौं मानिस संलग्न भएको पाइएको छ । जसको अख्तियारदेखि अदालतसम्मको गन्तव्य समेत पहिल्याएको छ । पद र पहुँच हुने कतिपयले भ्रष्टाचार गर्ने र अकुत सम्पत्ति जुटाउने महारोगले हाम्रो मुलुकलाई थिलथिलो बनाएको छ । राज्यमा बढ्दो कुशासनको ब्यारोमिटरले जनतामा, निराशा र आक्रोश बढाएको छ र त्यसले भ्रष्टाचारलाई संस्थागत गर्दै चुर्लुम्म डुबाएको छ । ट्रान्सपरेन्सी इन्टर नेसनलको सन् २०२२ को करप्सन पर सेप्सन इन्डेक्स (सीपीआई) का अनुसार नेपाल भ्रष्टाचारमा १८० मुलुकमध्ये ११०औं स्थानमा छ । यसले १०० मा ३४ स्कोर पाएको छ ।

वित्तीय अपराध तथा अकुत आर्जनले मुलुकको अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमा धकेल्छ । त्यति मात्र होइन तस्करी, ठगीबाट पनि औपचारिक अर्थतन्त्रको आकार बढ्न पुग्छ । पछिल्लो समय मुलुकमा सुन तस्करी कसरी हुँदोरहेछ भन्ने उदाहरण हामीले देख्यौं । एक सय किलो सुन बरामद गरिएको प्रकरणबाट यो बुझ्न सकिन्छ –सुन तस्करीमा ठूलो सेटिङ मिलाई अकुत सम्पत्ति थुपार्ने काम भइरहेको छ । यो राज्य दोहनकै चरम रूप हो ।

पछिल्लो सुन प्रकरण त एउटा उदाहरण मात्रै हो, यस्ता अनेक अवैध धन्दा मुलुकमा चलिरहेका छन् । राजनीतिक नेतृत्व उच्च प्रशासन, प्रहरी प्रशासन समेतको संलग्नता नभई यस्तो काम सम्भव हुँदैन । अर्कोतिर, घर-जग्गाको व्यापार गरी अवैध ढंगले दलाल अर्थतन्त्र झाँगिएको छ । यसमा जग्गाको मूल्यांकन कम गरिन्छ, राजस्व छली गरिन्छ भने कतिपय अवस्थामा जग्गाको मूल्यांकन बढी गरी कालो धनलाई समेत सेतो बनाउने समेत गरेको पाइन्छ ।

वित्तीय अपराध तथा 'अकुत' आर्जन समृद्धिको बाधक हो । पुँजीगत खर्चमा जतिसुकै बजेट विनियोजन गरे पनि यसलाई नरोक्ने हो भने निष्फल हुन जान्छ । विश्वव्यापी रूपमै यस्तो आर्थिक अपराध बढ्दो रूपमा छ, तर विकसित देशमा यस्ता अपराध कम हुन्छन् भने नेपालजस्ता अल्पविकसित देशमा यसको स्वरूप बढ्दो रूपमा देखिन्छ । वित्तीय अपराध बहुआयामिक छ । वित्तीय अपराधमा न्यून बिजकीकरण, वास्तविक मूल्यभन्दा कम कबोल, मालवस्तुको गुणस्तरमा तल-माथि अर्थात् हेरफेर गर्ने, कुनै पनि वस्तुको बढी मूल्यांकन देखाई विदेशी मुद्रा अपचलन गर्ने आदि विषय पर्छन् । यो बढ्नुमा नेपालमा कथित लोकतान्त्रिक दलाल पुँजीवादी अर्थतन्त्र हाबी भएकाले हो । दलाल पुँजीवादीको मुख्य चरित्र आफ्नै देशमा रहेका विकसित उद्योग र कलकारखानाबाट उत्पादित वस्तु र उपभोग र वितरण नगरी विदेशमा उत्पादित वस्तु आयात गरी, महँगोमा बिक्री गरी स्वदेशको कच्चा पदार्थलाई कौडीको मूल्यमा साम्राज्यवादलाई निर्यात गर्नु हो ।

सरकारले वित्तीय अपराध अकुत आर्जन, ठगी, तस्करीलाई निर्मूल गर्ने जोडदार रूपमा कुरा उठाए पनि मुलुक अहिले भ्रष्टाचारबाट आक्रान्त छ । भ्रष्टाचार कहाँ छ भनेर खोज्नुभन्दा पनि भ्रष्टाचार कहाँ छैन भनेर खोज्नुपर्ने भएको छ । भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि-२०२० ले भ्रष्टाचार नियन्त्रण गर्न स्थापित निकायको संस्थागत क्षमता अभिवृद्धि गर्ने विषयलाई जोड दिएको छ । नेपालले पनि २३ डिसेम्बर २०११ मा उक्त महासन्धिलाई अनुमोदन गरी पक्ष राष्ट्र भएपछि सो अनुसार अन्तर्राष्ट्रिय तहमा भ्रष्टाचार विरुद्धको सहयोग र सहकार्य गर्दै आएको छ ।

नेपालले महासन्धिको कार्यान्वयनका लागि आवश्यक विशेष कानुन निर्माण लगायत धेरै संरचना पनि स्थापना गरेर प्रधानमन्त्रीले प्रत्यक्ष निगरानीमा रहने व्यवस्था गरेको छ । उदाहरणका लागि सम्पत्ति शुद्धीकरण सम्बन्धी ऐन बनाएर संस्थागत संरचना पनि स्थापना गरेर प्रधानमन्त्रीले प्रत्यक्ष निगरानीमा रहने व्यवस्था गरेको छ । हाम्रो देशमा सम्पत्ति शुद्धीकरणका धेरै उजुरी परेका सुनिए पनि न्यून संख्या मात्रै दर्ता हुने गरेकाबाट पनि यसको पुष्टि हुन्छ ।

वित्तीय अपराध बढेपछि बैंकहरूको खराब कर्जा बढेको छ । कुल प्रवाह भएको बैंकिङ कर्जा रकममध्ये समयमै उठ्न नसकेको बैंकहरूको निष्क्रिय (खराब) कर्जा एक वर्षमै दोब्बर भएको छ । केही बैंकको यस्तो कर्जा ५ प्रतिशत नाघे नियामक राष्ट्र बैंकको कारबाहीमा पर्दछ । कुमारी बैंकको निष्क्रियकर्ता ४.५७, नेपाल इन्भेस्टमेन्ट मेगाको ४.३५, प्राइम कमर्सियलको ४.२३ र प्रभु बैंकको ४.१६ प्रतिशत पुगेको छ । समग्रमा २० बैंकको औसत निष्क्रिय कर्जा कुल कर्जामा २.७० प्रतिशत छ । आर्थिक वर्ष २०७८/७९ यस्तो कर्जा जम्मा १.२० प्रतिशत थियो ।

सर्वसाधारणबाट उठाएको निक्षेप विभिन्न क्षेत्रमा लगानी गरेर बैंकले नाफा आर्जन गर्दछ । यद्यपि लगानी गरेको पैसा नै नउठ्दा बैंकको नाफामा गिरावट आउँदा बैंकले नोक्सानी बेहोर्नुपर्ने हुन्छ । खराब कर्जा बढेर समस्याग्रस्त अवस्थामा पुगेको बैंकलाई सर्वसाधारणले पनि विश्वास गर्दैनन् । खराब कर्जाले बैंकको छविलाई नै गिराउने अर्थात् बैंकप्रति सर्वसाधारणको भरोसा गुम्छ । आवश्यकभन्दा बढी ऋण लिनु, अनुत्पादक क्षेत्रमा ऋण प्रवाह गर्नु, जग्गाको अधिक मूल्यांकन गरी ऋण प्रवाह गर्नु आदि कारणले बैंकको खराब कर्जा बढ्ने गर्दछ । यसले देशकै अर्थतन्त्र, आर्थिक वृद्धिदरमा समेत असर गर्ने गर्दछ ।

लोकतान्त्रिक शासन व्यवस्था डेढ दशक अघिदेखि अभ्यास गरिए पनि वित्तीय अपराध र अकुत सम्पत्ति थुपार्ने अलोकतान्त्रिक हर्कतको ब्यारोमिटर उच्च छ । राजनीतिक उपलब्धिहरुको चाङ थुप्रै भए पनि जनताको अवस्थामा कुनै परिवर्तन आएन । आम सर्वसाधारण मजदुर किसान र उत्पीडनमा रहेका जनताका समस्या ज्युँका त्युँ रहेका छन् । संविधानमा समाजवाद उन्मुख अर्थतन्त्रको लिपिबद्ध गरे पनि हाम्रो वर्तमान अर्थ-व्यवस्था अझै दलाल तथा नोकरशाही पुँजीवादको दायरामा छ ।

सरकारले अर्थतन्त्रका परिसूचकहरू सकारात्मक दिशामा गएको ढोल पिटे पनि कुल राजस्व परिचालनले चालु आर्थिक खर्चलाई धान्न सकेको छैन । आर्थिक वर्ष २०७९/८० मा राज्यको आम्दानी र खर्चबीच झन्डै ४ खर्ब ८६ अर्ब ८९ करोडको खाडल छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी वित्त स्थिति २ खर्ब ६३ अर्ब ३७ करोडले घाटामा रहेको थियो । अहिलेसम्म हाम्रो सार्वजनिक ऋण २२ खर्बभन्दा माथि छ । यी सबै हुनुमा वित्तीय अपराध, अकुत सम्पत्ति आर्जन तथा भ्रष्टाचार नै हो ।

केही दिनअघि रातोपाटीमा 'चप्पल पड्काउँदै राजनीतिमा छिरेकाको सम्पत्ति स्रोत के हो ? भन्ने शीर्षकको एउटा लेख भाइरल भएको थियो । त्यसमा आर्थिक लेखक रिसव गौतमले अकुत सम्पत्ति कमाउनेको चिरफार गरेका छन् । उनले भनेका छन्, 'चप्पल पड्काउँदै विकल्पविहीन भएपछि राजनीतिमा पसेकाको अहिले सहरमा आलिसान महल छन् । बैंकभरि ब्यालेन्स छ । धेरै कम्पनीमा सेयर छन्, तर उनीहरुको त्यसको स्रोत के हो ? बिनापसिना बिनापरिश्रम, जनता चुसेर थुपारिएका नेताका अपारदर्शी सम्पत्तिको छानबिन गर्ने कि नगर्ने ? अब ०४६ सालयता सार्वजनिक पदमा पुगेकाको सबैको सम्पत्ति स्रोत छानबिन गर्नु जरुरी छ ।' उनको यो तर्कमा दम छ । यो यथार्थ चित्रण हो ।

ललिता निवास प्रकरणमा १४३ रोपनीभन्दा बढी जग्गा हिनामिना गरेको घटना 'हात्ती आयो हात्ती आयो फुस्सा' भएको छ । संगठित अपराधको कसुर हटाएर किर्तेमा मात्रै मुद्दा दायर भएको छ । किर्तेमा मात्रै मुद्दा चल्दा प्रतिवादीलाई एक वर्षसम्म सजाय हुन्छ भने संगठित अपराधमा पाँच वर्ष र ५० हजार जरिवानाको व्यवस्था छ । प्रहरीले ५७ दिन लगाएर गरेको संगठित अपराध अनुसन्धानलाई राजनीतिक दबाबबाट कमजोर बनाइएको प्रस्ट देखिन्छ । यसले के कुरा पुष्टि हुन्छ भने राजनीतिक नेतृत्वले नै भ्रष्टाचारलाई बढावा दिइरहेको छ ।

राजनीतिक र कर्मचारीको मिलिभगतमा भ्रष्टाचार हुने गरेको स्पष्ट हुन्छ । अनुसन्धान गर्ने नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो र (सीआईबी)लाई सरकारले हस्तक्षेप गरेको देखियो । सरकारको सुशासनको मुद्दा केवल हात्तीको देखाउने दाँत मात्र भयो । यद्यपि सुशासनका केही आंशिक काम भने भएका छन् । मूल जरोसम्म सरकार पुग्न चाहेको छैन, अथवा चाहँदैन ।

वित्तीय अपराध, अकुत आर्जन तथा भ्रष्टाचार नरोक्ने हो भने हाम्रो अर्थतन्त्र धरापमा पर्न गई राष्ट्र असफलतातर्फ नजाला भन्न सकिन्न । यो समृद्धिको बाधक हो । यसले विधिको शासन अर्थात् लोकतन्त्रको अवमूल्यन गर्छ, मानव अधिकारको समेत हनन गर्छ । सङ्गठित अपराध र आतङ्कवादलाई बढाउने गर्छ । मुलुकमा पछिल्लो समय देखिएको नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास प्रकरण, सय किलो सुन तस्करी प्रकरण, सय किलो सुन तस्करी प्रकरण वित्तीय अपराध र अकुत आर्जनका बलियो प्रमाण हुन् । राजनीतिक नेता, प्रशासक, कर्मचारी, डन, तस्कर, माफियाको मिलिभगतमा यस्ता अपराध हुने गर्दछ ।

नेपालमा दलाल पुँजीवादी अर्थतन्त्र हाबी भएकाले यस्ता समस्या बढ्दो रूपमा देखापरेको हो । अतः समाजवादी अर्थतन्त्रको दिशामा नगई हामीलाई सुखै छैन । मुलुकमा वित्तीय अपराध, अकुत सम्पत्ति आर्जन, अनियमितता तथा भ्रष्टाचारको नियमन तथा नियन्त्रण गर्ने संस्था पर्याप्त छन् । नेपाल राष्ट्र बैंक, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, प्रहरी प्रशासन, संसद्को लेखा समिति, अदालत, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण विभाग, राष्ट्रिय अनुसन्धान विभाग विभिन्न छन् । यी सबै निकायलाई राज्यले अर्बौं रुपैयाँ अनियमितता तथा भ्रष्टाचार नियन्त्रण गर्न अर्थात् सुशासन कायम गर्न खर्च गरिएको छ ।

यी सबै निकायलाई सरकारले कुनै दबाब नदिई स्वतन्त्रापूर्वक काम गर्न दिने हो भने भ्रष्टाचार तथा वित्तीय अपराध नियन्त्रण अवश्य हुन्छ । यस्तो कार्यमा सरकारले कुनै हस्तक्षेप गर्नु हुँदैन । सरकार इमानदारपूर्वक लाग्ने हो भने वित्तीय अपराध, अनियमितता तथा भ्रष्टाचार नियन्त्रण होइन निर्मूल नै हुन्छ ।

*(खरेल अर्थराजनीतिक विश्लेषक हुन् । स्रोतः रातोपाटी)*

# पूर्वाधार विकास समितिका सभापति सिंहलाई गृहजिल्लामा सम्मान



दीपक बहादुर सिंहलाई सम्मान कार्यक्रमपछि सामूहिक तस्वीर खिचाउँदै ।

समाज संवाददाता

हेटौंडाः संघीय संसदको पूर्वाधार विकास समितिका सभापति दीपकबहादुर सिंहलाई गृहजिल्लामा सम्मान गरिएको छ । शनिबार राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) जिल्ला कार्यालय मकवानपुरले सभापति सिंहलाई सम्मान गरेको पार्टी जिल्ला कमिटीका प्रवक्ता आयुष डोटेलले बताउनुभयो ।

मकवानपुर क्षेत्र १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित एवम् पार्टीका केन्द्रीय सम्पादन समितिका सदस्यसमेत रहनुभएका सिंह गत सोमबार संसदको पूर्वाधार विकास समितिको सभापतिमा सर्वसम्मत चयन हुनुभएको थियो । सभापति सिंहले आफूले पाएको जिम्मेवारीलाई पूरा गर्ने बनाउनुभयो ।

कसैको दवाव र प्रभावमा नपरी नियमअनुसार काम गर्ने उहाँले बताउनुभयो । राप्रपा मकवानपुरका अध्यक्ष शिवराम थापाको सभाध्यक्षतामा भएको कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य नवराज विष्ट र प्रदेश सचिव गुञ्जनबहादुर न्यौपानेलगायतको उपस्थिति रहेको थियो ।

# गोलभेंडासँगै तरकारीको मूल्य बढ्यो

समाज संवाददाता

हेटौंडाः हेटौंडामा गोलभेंडासँगै तरकारीको मूल्य बढेको छ । पछिल्ला तीन दिनदेखि गोलभेंडा तथा अन्य तरकारीको मूल्य बढिरहेको व्यवसायीको भनाइ छ ।

पछिल्ला ३ दिनदेखि भारतीय गोलभेंडा आयात भइरहेको व्यवसायीहरुले जानकारी दिए । हेटौंडा–१, राप्तीबगरस्थित तरकारी बजारमा शनिबार लोकल गोलभेंडाको थोक मूल्य १ सय १० रुपैयाँमा कारोबार भएको छ । भारतीय गोलभेंडा प्रतिकेजी १ सय रुपैयाँ र स्थानीय गोलभेंडा प्रतिकेजी १ सय १५ रुपैयाँमा कारोबार भएको बताइएको छ ।

यस्तै, काउली प्रतिकेजी ७० रुपैयाँ र भिन्डी प्रतिकेजी ३० रुपैयाँमा थोक बिक्री भएको छ । भन्टा, स्कुस र पर्वलको थोक मूल्य प्रतिकेजी ४० रुपैयाँ रहेको छ । बोडी, मुला, घिउसिमी, तिते करेला र हाइब्रिड काँक्रो प्रतिकेजी ८० रुपैयाँमा कारोबार भएको छ । बन्दा र लौका प्रतिकेजी ६० रुपैयाँ एवम् लोकल काँक्रो, गाँजर र खुर्सानी प्रतिकेजी १ सय रुपैयाँमा बिक्री भइरहेको तरकारी व्यवसायी दिनेश चौलागाईंले जानकारी दिनुभयो ।

हेटौंडामा गोलभेंडा काठमाडौं, हेटौंडा आसपास र भारतबाट आउने गरेको छ । तरकारीहरु काउली, गोलभेंडा, काँक्रो, मुला, बन्दा, बोडी र तिते करेलाको मूल्य बढेको छ । लौका, स्कुस, भन्टा, फर्सी, पर्वल, भिन्डी, घिरौंलाको मूल्य स्थिर नै रहेको व्यवसायी चौलागाईं बताउनुहुन्छ । गोलभेंडा भारतबाट आयात भएसँगै बजारमा मूल्य घट्ने व्यवसायी चौलागाईंको भनाइ छ ।

खुद्रा बजारमा काठमाडौंबाट ल्याएको गोलभेंडा प्रतिकेजी १ सय २० रुपैयाँ, भारतीय गोलभेंडा १ सय १० रुपैयाँ, काउली प्रतिकेजी १ सय ४० रुपैयाँ र भिन्डी प्रतिकेजी ४० रुपैयाँमा बिक्री भएको छ । भन्टा, बोडी, बन्दा, मुला र तिते करेला प्रतिकेजी १ सय रुपैयाँमा बिक्री भइरहेको छ । बन्दा प्रतिकेजी ७० रुपैयाँ, काँक्रो, घिउसिमी प्रतिकेजी ९० रुपैयाँमा बिक्री हुँदा घिरौंला, फर्सी, स्कुस र चिचिन्डा प्रतिकेजी ५० रुपैयाँमा बिक्री भएको छ । यस्तै, लौका र पर्वल प्रतिकेजी ६० रुपैयाँमा बिक्री भइरहेको खुद्रा व्यवसायी चन्द्रावती पौडेलले बताउनुभयो ।

# २८ जनाले रक्तदान गरे



रक्तदान गर्दै रक्तदाता ।

समाज संवाददाता

हेटौंडाः श्रीकृष्ण प्रणामी युवा परिषद्को आयोजनामा शनिबार बिहान हेटौंडा-४ स्थित कृष्णमन्दिर परिसरमा भएको रक्तदान कार्यक्रममा २८ जनाले रक्तदान गरेका छन् ।

श्रीकृष्ण जन्माष्ठमीको अवसरमा रक्तदान कार्यक्रमको आयोजना गरिएको हो । यसअघि शुक्रबार शुक्रबार हेटौंडा-११ स्थित नवयुवा बचत तथा ऋण सहकारी संस्थाले रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । यसैगरी सोमबार नेपाल रेडक्रस सोसाइटी उपसमिति हेटौंडा ८ को आयोजनामा रक्तदान कार्यक्रम हुने रक्तसञ्चार केन्द्र हेटौंडाले जानकारी दिएको छ ।

# लायन्सको संयुक्त पदस्थापन

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाका ३४ वटा लायन्स क्लबहरुको एकसाथ पदस्थापन कार्यक्रम भएको छ । शनिबार हेटौंडामा बागमती प्रदेशको सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा ३२ वटा क्लबको नयाँ समिति र २ वटा नयाँ क्लब गरी ३४ वटा क्लबको संयुक्त पदस्थापन कार्यक्रम भएको हो ।

अन्तर्राष्ट्रिय स्वयम्सेवी संस्थाको रुपमा स्थापित लायन्स क्लबको संयुक्त पदस्थापन कार्यक्रममा लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एसका गभर्नर डीएन अग्रवालको पनि आतिथ्य रहेको थियो । लायन्स क्लबले समुदायमा विविध सामाजिक क्रियाकलाप गर्दै आएको छ ।

# मजदुर संघको कार्यालय उद्घाटन

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) निकट प्रजातान्त्रिक यातायात मजदुर संघ जिल्ला कार्यसमिति मकवानपुरको कार्यालय उद्घाटन भएको छ । शनिबार पार्टीका केन्द्रीय सम्पादन समितिका सदस्य एवम् प्रतिनिधिसभाका पूर्वाधार विकास समितिका सभापति दीपकबहादुर सिंहले कार्यालयको उद्घाटन गर्नुभएको हो ।

कार्यालय उद्घाटन गर्नुहुँदै सभापति सिंहले मजदुरको क्षेत्रमा रहेका समस्या समाधानमा संघले सशक्त भएर काम गर्नुपर्ने बताउनुभयो । आफू संघीय सांसद बन्न यातायात मजदुरहरुको पनि सहयोग रहेकाले यस संघलाई बलियो बनाउन आफूले सहयोग गर्ने उहाँले बताउनुभयो ।

संघका सचिव दिनेश लामाले यातायात मजदुर संघले यातायात मजदुरको क्षेत्रमा काम गरिरहेको बताउनुभयो । संघका जिल्ला अध्यक्ष काजिमान तितुङको सभाध्यतामा उद्घाटन कार्यक्रम भएको हो । कार्यक्रममा राप्रपा बागमती प्रदेश समिति सचिव गुञ्जनबहादुर न्यौपाने, राप्रपा मकवानपुर जिल्ला अध्यक्ष शिवराम थापा, क्षेत्रीय अध्यक्ष सीताराम बतौंला, मजदुर नेता रामहरि खतिवडालगायतको आतिथ्य थियो ।

# वडा-वडामा...

अध्यक्ष बासुदेव कटुवालको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश खेलकुद परिषद्का सदस्य सचिव सूर्यलाल भण्डारी लगायतको आतिथ्य रहेको थियो ।

हेटौंडा-८ मा चन्द्रोदय माध्यमिक विद्यालय अगाडि सरसफाई गरिएको छ । कार्यक्रमको नेकपा (माओवादी केन्द्र) मकवानपुरका जिल्ला सचिव भिम पाखिनले उद्घाटन गर्नु भएको थियो । हेटौंडा-९ मा पाँच जना सहिद परिवारलाई दोसल्ला ओढाएर सम्मानपत्र प्रदान र पार्टीको वडा कार्यालय उद्घाटन गरिएको छ । कार्यक्रम नेकपा (माओवादी केन्द्र) का केन्द्रीय सदस्य डिपी ढकालको प्रमुख आतिथ्य तथा वडा अध्यक्ष बलराम मिश्रको अध्यक्षतामा भएको थियो ।

हेटौंडा-१० मा हेटौंडा बसपार्क सर सफाई गरिएको छ । पार्टीका जिल्ला सदस्य एवम् प्रशिक्षण विभाग प्रमुख निबन्ध लामाले उद्घाटन गर्नुभएको कार्यक्रममा जिल्ला सदस्य रामशरण कार्की, ईन्चार्ज ज्ञानेन्द्र कार्की, वडा अध्यक्ष राजकुमार थिङ्ग लगायतको सहभागिता रहेको थियो । हेटौंडा-११ मा प्रशिक्षणात्मक कार्यक्रम गरी अभियानको उद्घाटन गरिएको छ । कार्यक्रम नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य डिपी ढकालको प्रमुख आतिथ्य तथा पार्टीका वडा अध्यक्ष रामकृष्ण बस्नेतको अध्यक्षतामा भएको थियो ।

हेटौंडा-१२ मा जनतासँग माओवादी विशेष रुपान्तरण अभियान अन्तर्गत वडा कार्यालय उद्घाटन गरिएको छ । हेटौंडा १३ मा आगामी पार्टीको एजेण्डा सम्बन्धी छलफल कार्यक्रम गरेको छ । कार्यक्रम नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य डिपी ढकालको प्रमुख आतिथ्य, पार्टीका मकवानपुर सदस्य उमेश गुनीको विशेष आतिथ्य तथा पार्टीका वडा अध्यक्ष सूर्यकुमार छुमीको अध्यक्षतामा भएको थियो । कार्यक्रममा नेकपा (माओवादी केन्द्र) मकवानपुरका सदस्य रामशरण कार्की, हेटौंडा नगर उपाध्यक्ष प्रदीप अर्याल, वडा नम्बर १३ की इन्चार्ज तारादेवी मोक्तान, हेटौंडा नगर सदस्यहरु बसन्तकुमार लामा, नेमा लामा लगायतको आतिथ्य रहेको थियो ।

हेटौंडा-१४ मा पनि तीन महिने अभियानको उद्घाटन गरिएको छ । कार्यक्रम नेकपा (माओवादी केन्द्र) केन्द्रीय सदस्य डिपी ढकालको प्रमुख आतिथ्य तथा वडा अध्यक्ष चमेलीमाया सिंजाली मगरको अध्यक्षतामा भएको थियो । हेटौंडा १५ मा नेकपा (माओवादी केन्द्र)को वडा पार्टी कार्यालयको स्थापना र उद्घाटन गरिएको छ । पार्टीका केन्द्रीय सदस्य रत्न ढकालले उद्घाटन गर्नु भएको कार्यक्रममा पार्टीका मकवानपुर जिल्ला सचिव भिम पाखिन, जिल्ला सदस्य लिलाकुमार घलान, कमला विक, हेटौंडा नगर अध्यक्ष तीर्थ थापा मगरको सहभागिता रहेको थियो ।

हेटौंडा-१६ मा पार्टीका केन्द्रीय सदस्य रत्न ढकालको प्रमुख आतिथ्य तथा पार्टीका वडा अध्यक्ष टेकमान थिङको अध्यक्षतामा छलफल गरिएको छ । हेटौंडा-१७ मा पार्टीको वडा कार्यालय उद्घाटन गरी अभियानको शुभारम्भ गरिएको छ । कार्यक्रम नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य डिपी ढकालको प्रमुख आतिथ्य तथा वडा अध्यक्ष रंगराज अधिकारीको अध्यक्षतामा भएको थियो ।

हेटौंडा-१८ मा प्रशिक्षणात्मक कार्यक्रम गरिएको छ । कार्यक्रम नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य रत्न ढकालको प्रमुख आतिथ्य तथा वडा अध्यक्ष राजेश मग्रातीको अध्यक्षतामा भएको थियो । कार्यक्रममा पार्टीका जिल्ला सचिव भिम पाखिन, जिल्ला सदस्य प्रकाश निरौला, नेपाल दलित मुक्ती मोर्चा केन्द्रीय सचिवालय सदस्य एवम् जिल्ला ईन्चार्ज कमला बिक लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

हेटौंडा-१९ मा सात सहिद परिवारलाई दोसल्ला ओढाएर सम्मान गरिएको छ । कार्यक्रम नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य डिपी ढकालको प्रमुख आतिथ्य तथा वडा अध्यक्ष लोकबहादुर मुक्तानको अध्यक्षतामा भएको थियो ।

# ४४ लाख रुपैयाँसहित २ जना पक्राउ

काठमाडौंः सिरहाबाट स्रोत नखुलेको ४४ लाख रुपैयाँसहित दुईजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा सिरहा नगर पालिका–१७, माडर बस्ने ५२ वर्षीय प्रेमकुमार यादव र सिरहा नगरपालिका–७, हेमनारायण चोक बस्ने ४२ वर्षीय सञ्जयकुमार साह छन् ।

दुबैजनलाई शुक्रबार सिरहा नगर पालिका–१७, माडर कालीचोकबाट नियन्त्रणमा लिएको सिरहाका प्रहरी प्रवक्ता डीएसपी रवीन्द्रराज पाण्डेले जानकारी दिए । उनका अनुसार भारतको जयनगरबाट नेपालतर्फ आउँदै गरेको बीआर ७ सी ४२२४ नम्बरको कारलाई रोकी चेकजाँच गर्दा सिटमुनिको भागमा घर्रा जडान गरी कालो प्लास्टिकमा लुकाई ल्याएको ४४ लाख रुपैयाँ बरामद गरिएको हो । बरामद रकमसहित दुबै जनालाई थप अनुसन्धान तथा कारवाहीको लागि राजस्व अनुसन्धान कार्यालय, इटहरी पठाउने तयारी भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । *(स्रोतः अनलाइनखबर)*

# सबै जिल्लामा प्रादेशिक कार्यालय खोल्ने

काठमाडौंः बागमती प्रदेश सरकारले प्रदेशका सबै १३ वटै जिल्लामा प्रादेशिक कार्यालय खोल्ने भएको छ । यसका लागि बजेट र कर्मचारी व्यवस्थापनको काम अघि बढिसकेको बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले जानकारी दिए ।

मन्त्री श्रेष्ठका अनुसार एकीकृत प्रादेशिक कार्यालय दशैं अगावै सञ्चालनमा ल्याउने तयारी छ । 'जिल्लामा बागमती प्रदेशको संरचना नै छैन । संरचना नहुँदा कि संघीय सरकारको सहयोग लिनपर्‍यो कि स्थानीय तहको', उनले भने, 'अब आफ्नै संरचना बनाउने र अगाडि जाने तय भएको छ । एकीकृत सेवा प्रवाह गर्नका लागि १३ वटै जिल्लामा एकीकृत कार्यालयको अवधारणाअन्तर्गत् ओएनएम गरिसकेका छौं । दशैं अगावै एकीकृत कार्यालयहरु सञ्चालनमा ल्याँदैछौं ।'

बागमती प्रदेशले गत वर्ष ७२ अर्ब रुपैयाँको बजेट ल्याएको थियो । चालु आर्थिक वर्षमा भने करिब ६२ अर्ब रुपैयाँको ल्याएको छ । प्रदेशको बजेट कार्यान्वयन गर्नका लागि कर्मचारी र आवश्यक संरचनासमेत नभएको उल्लेख गर्दै उनले त्यसका लागि प्रादेशिक कार्यालय खोल्न लागिएको जानकारी दिए । मन्त्री श्रेष्ठका अनुसार प्रादेशिक कार्यालयबाट प्रदेशका सबै मन्त्रालयहरुको सेवा एकीकृत रुपमा प्रवाह हुनेछ । कार्यालयका लागि भवनको खोजी गरिराखेको र संघीय सरकारसँग समेत समन्वय भइराखेको पनि उनले बताए । (स्रोतः अनलाइनखबर)

स्वादिष्ट नेवारी खाजा



अब होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत

सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

We Are Open

हाम्रो सेवाहरू:

- ताजा तरकारी/फलफूल होलसेल तथा खुद्रा बिक्री गरिन्छ ।
- फ्रेस जुस/फ्रुट सलाद पार्टी सेमिनारको लागि प्याकिङको पनि व्यवस्था छ ।
- BUBBLE TEA, SMOOTHIES, MILKSHAKE, LASSI
- लोकल अन्नबाली
- ग्रीन प्लान्ट/गमला
- व्यावसायिक कृषि सम्बन्धि आवश्यक परामर्श सेवाहरु



सम्पर्क: ९८४५४३८८६०/०५७-५९११५९

DURBAR AGRO MART

Hetauda–4, Shitalmahal road

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

